NIC ASIA

एन आई सी एशिया बैंक लि.

बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

22 YEARS of SERVICE

The Banker Bank of the Year 2013 NEPAL

The Banker Bank of the Year 2017 NEPAL

ISO 9001 Certified Bank

ICRA (Nepal) A-

Care Ratings Nepal CARE-NP A (Is)

**प्रेस विज्ञप्ति**

**वैशाख ७, २०७७**

# एन आई सी एशिया बैंकले लकडाउनको समयमा अत्यावश्यक सामग्री विक्री गर्ने व्यवसायीहरूलाई QR Code प्रदान गर्ने

विश्वभर महामारीको रुपमा फैलिरएको कोरोना भाइरसको संक्रमण कम गर्न नेपाल सरकारले जारी गरेको लकडाउनले देशभर व्यवसाय, उद्योग, कारखाना लगायतका गतिविधि बन्द रहेको अवस्थालाई मध्यनजर गर्दै एन आई सी एशिया बैंक लिमिटेडले आपतकालीन अवस्थामा खाद्यान्न सामग्री ग्राहक महानुभावहरूको घरमै पुऱ्याएर विक्री गरिरहेका व्यवसायीहरूलाई QR Code प्रदान गर्ने भएको छ । धेरै समयको लकडाउनको कारण एन आई सी एशिया बैंकका ग्राहकहरूसँग नगद अभाव हुन सक्ने तथा एटिएमसम्म पुग्न समेत नसकिरहेको अवस्थालाई मध्यनजर गर्दै बैंकले यस्तो योजना ल्याएको छ । ग्राहक महानुभावहरूले मोबाइल बैंकिङ्गको प्रयोग गरी QR Code बाट सामग्रीहरूको रकम भुक्तानी गरेपछि सिधै सम्बन्धित व्यवसायीको बैंक खातामा जम्मा हुन्छ ।

यस्तो अवस्थामा कोरोनासँगको लडाईमा सरकारलाई साथ दिन एन आई सी एशिया बैंकले सरकारबाट अनुमति प्राप्त अति आवश्यक खाद्यान्न तथा सेवा प्रदान गर्ने व्यवसायीहरूलाई बैंकमा उपस्थित नभई ईमेल मार्फत निम्न प्रकृया अपनाई सहज रुपमा QR Code प्रदान गर्ने भएको छ:

- सर्वप्रथम व्यवसायीहरूले बैंकको इमेल ठेगाना feedback@nicasiabank.com मा आफुले गर्ने व्यवसायको प्रकृति खुलाई QR सेवा लिन इच्छुक रहेको व्यहोरा सहितको ईमेल गर्नुपर्नेछ । उक्त ईमेलमा सम्बन्धित व्यवसायीको एन आई सी एशिया बैंकमा खोलिएको कम्पनीको खाताको नाम, खाता नम्बर, ईमेल ठेगाना र सम्पर्क नम्बर समेत उल्लेख भएको हुनुपर्नेछ ।
- बैंकले उक्त इमेल पाइसकेपछि सम्पर्क नम्बरमा बैंकको सम्बन्धित विभागबाट व्यवसायीलाई सम्पर्क गर्ने छ ।
- बैंकले व्यवसायीलाई सम्पर्क गरे पश्चात उक्त QR प्रदान गर्न भर्नु पर्ने आवश्यक फारम व्यवसायीलाई इमेल मार्फत प्रदान गर्नेछ ।
- व्यवसायीले त्यस पश्चात बैंकबाट प्राप्त फारम भरि सम्बन्धित व्यक्तिको हस्ताक्षर गराई कम्पनीको छाप समेत लगाएर बैंकलाई इमेलमार्फत जानकारी गर्नुपर्नेछ ।

NIC ASIA BANK LTD.
REGISTERED OFFICE KATHMANDU